नालामा पर्छ। उक्त नालाको उचाइ र लम्बाइ बढाउनुपर्ने आवश्यकताको ... विद्यार्थीलाई धेरै सहज हुने र दुर्घटना कमी आउने विश्वास गरिएको छ।

Kumari Bank Limited

नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

## सौर्य ऊर्जा शाखा अन्तर्गतका विभिन्न कार्यक्रमहरुको कार्यान्वयनका लागि आवेदन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८० ०४ ०२**

**निवेदन बुझाउने अन्तिम मिति : २०८० ०४ २२**

नेपाल सरकार, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले यस आ. व. २०८०/८१ मा सौर्य ऊर्जामा आधारित विभिन्न सौर्य ऊर्जा प्रणाली/आयोजना जडानका कार्यक्रमहरु रहेको छ। जस अन्तर्गत निम्न बमोजिमका कार्यक्रमहरु रहेका छन्।

| क्र. सं. | सौर्य ऊर्जा शाखा अन्तर्गतका विभिन्न कार्यक्रमहरुको विवरण | निवेदन दिन पाउने | आवश्यक कागजातहरु |
|---|---|---|---|
| १. | कृषि सिंचाइका लागि सौर्य पम्प जडान | कृषक/उपभोक्ता समितिले स्थानीय तह मार्फत | १. सम्बन्धित व्यक्तिगत/उपभोक्ता समितिको निवेदन।<br>२. पूर्व संभाव्यता अध्ययन फाराम (वेबसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका सम्पूर्ण कागजातहरु।<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस। |
| २. | सामुदायिक, सार्वजनिक एवं धार्मिक स्थानहरुमा सौर्य ऊर्जा प्रणाली जडान | स्थानीय तह | १. सम्बन्धित स्थानीय तहको निवेदन।<br>२. पूर्व संभाव्यता अध्ययन फाराम (वेबसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका सम्पूर्ण कागजातहरु।<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस। |
| ३. | उज्यालो नेपालका लागि राष्ट्रिय मिनिग्रीड कार्यक्रम | स्थानीय तह | १. सम्बन्धित स्थानीय तहको निवेदन।<br>२. पूर्व संभाव्यता अध्ययन फाराम (वेबसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका सम्पूर्ण कागजातहरु।<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस। |
| ४. | स्थानीय तह, सार्वजनिक स्वास्थ्य संस्था/कार्यालय/विद्यालय हरुमा संस्थागत सौर्य ऊर्जा प्रणाली जडान | स्थानीय तह एवं सार्वजनिक स्वास्थ्य संस्था/कार्यालय/विद्यालय | १. सम्बन्धित निकायको निवेदन।<br>२. पूर्व संभाव्यता अध्ययन फाराम (वेबसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका सम्पूर्ण कागजातहरु।<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस। |
| ५. | खानेपानीका लागि सौर्य पम्पीङ प्रणाली जडान | उपभोक्ता समितिले स्थानीय तह मार्फत | १. सम्बन्धित उपभोक्ता समितिको निवेदन।<br>२. पूर्व संभाव्यता अध्ययन फाराम (वेबसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका सम्पूर्ण कागजातहरु।<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस। |

माथि उल्लेखित सौर्य ऊर्जा प्रणाली जडान गर्न इच्छुक स्थानीय तह, सार्वजनिक स्वास्थ्य संस्था/कार्यालय/विद्यालय, उपभोक्ता समिति तथा कृषकहरुले तपसिलमा उल्लेखित कागजात संलग्न गरी यस केन्द्रले तयार गरेको पूर्व संभाव्यता अध्ययन फाराम भरी यस केन्द्रमा दर्खास्त दिनुहुन यो सूचना जारी गरिएको छ। पूर्व संभाव्यता अध्ययन फारमको ढाँचा एवं यस कार्यक्रम सम्बन्धि सम्पूर्ण जानकारी यस केन्द्रको वेब साइट www.aepc.gov.np बाट लिन सकिनेछ। माथि उल्लेख भएका कार्यक्रमहरु नवीकरणीय ऊर्जा अनुदान निति २०७८ तथा नवीकरणीय ऊर्जा अनुदान कार्यविधि २०७९ (यस केन्द्रको वेब साइटमा उपलब्ध छ।) बमोजिम कार्यान्वयन गरिने छ।

सम्पर्क ठेगाना :

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

**सौर्य ऊर्जा शाखा**

मध्य बानेश्वर, काठमाडौं पो.ब.नं १४३६४, फोन नं ९७७-१ ४४९८०१३/४४९८०१४